# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, जेठ २४ गते, २०७९ साल (अतिरिक्ताङ्क ५


## भाग ३

### बागमती प्रदेश सरकार

### आर्थिक मामिला तथा योजना मन्त्रालय

### हेटौंडा, नेपालको

### सूचना

**प्रदेश सशर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९**

प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ५ बमोजिम सशर्त अनुदान प्रदान गर्न सोही ऐनको दफा ९ को व्यवस्था बमोजिम बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्रदेश सशर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९ को दफा ५ मा संशोधनः** प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"**५. सशर्त अनुदान रकमको न्यूनतम सीमाः** दफा ३ मा उल्लिखित क्षेत्र अन्तर्गत स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानका आयोजना तथा कार्यक्रम छनोट गर्दा विषयगत मन्त्रालयले प्रति आयोजना तथा कार्यक्रम न्यूनतम पच्चीस लाख रुपैयाँको सीमामा नघट्ने गरी छनोट गर्नु पर्नेछ ।"

३. **मूल कार्यविधिको दफा ७ को उपदफा (२) मा संशोधनः** मूल कार्यविधिको दफा ७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विषयगत मन्त्रालयले आफूलाई प्राप्त हुने सशर्त अनुदान तर्फको बजेट सीमाबाट उपदफा (१) बमोजिम स्थानीय तहलाई बजेट विनियोजन गरे पश्चात बाँकी हुने रकम अनुसूची-२ देखि अनुसूची-५ सम्म समावेश भएका स्थानीय तहहरुको लागि समानुपातिक रुपमा आयोजना तथा कार्यक्रम छनोट गर्नु पर्नेछ।"

**आज्ञाले,**
**धनिराम शर्मा**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-